# सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन सम्वत् २०७८ साल साउन १ गतेदेखि सुदूरपश्चिम प्रदेशभर प्रारम्भ हुनेछ।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र घरजग्गा रजिष्ट्रेशन लगायतको रजिष्ट्रेशन गर्दा **अनुसूची-१** बमोजिम रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र दस्तुर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको शुल्कको संकलन घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दाका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले गर्नेछ।

(३) घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ।

(४) घरजग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकन रकम मध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(५) यस दफा बमोजिम उठाएको रजिष्ट्रेशन शुल्क स्थानीय विभाज्य कोषमा जम्मा गरी उक्त विभाज्य कोष मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असूल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नुपर्ने छ।

(७) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

(८) यस दफामा माथि जुनसुकै कुरा उल्लेख भए तापनि स्थानीय तहको स्रोत, साधन, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म संघीय आर्थिक अध्यादेश, २०७८ को दफा ३४ को व्यवस्था बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयले यस ऐनले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क, कर तथा दस्तुर लगायतको राजस्व संकलन गर्नुपर्नेछ।

३. **सवारी साधन कर तथा दस्तुरः** (१) प्रदेशभित्र सवारी साधन दर्ता र नवीकरणका बखत लाग्ने सवारी साधन कर र अन्य दस्तुर तथा सेवा शुल्क **अनुसूची-२** बमोजिम लगाई असुल उपर गरिनेछ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट स्थल मार्गमा चल्ने सवारी साधन जस्तै जीप, कार लहरी, ट्रक, बस ,भ्यान, मिनिबस, मोटरसाइकल, स्कुटर, अटोरिक्सा, टेम्पो, आदिलाई सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको रकम मध्ये अनुसूची-२ को खण्ड (क) बमोजिमको सवारी साधन कर प्रदेश अन्तरगतका यातायात व्यवस्था कार्यालयले संकलन गरी प्रदेश विभाज्य कोष खातामा जम्मा गर्नेछ।

(३) प्रदेशले उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोष खातामा जम्मा भएको रकमको साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाको स्थानीय सञ्चित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र जम्मा गरी सम्बन्धित स्थानीय तहलाई सोको विवरण सहितको जानकारी पठाउनेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरेको सूत्र बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

(५) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेश अन्तरगतका यातायात व्यवस्था कार्यालयमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम संकलित रकम मध्ये अनुसूची-२ को खण्ड (ख) बमोजिमको अन्य दस्तुर तथा सेवा शुल्क प्रदेश अन्तरगतका यातायात व्यवस्था कार्यालयले संकलन गरी मासिक रुपमा प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले लगाउने र उठाउनेछ।

४. **<u>मनोरञ्जन कर:</u>** (१) प्रदेशभित्र सञ्चालित चलचित्र घर, खेलकुद प्रतियोगिता, फन पार्क, पार्क, स्वीमिङ पूल, डिजिटल टेलिभिजन, साँस्कृतिक कार्यक्रम, कन्सर्ट, नाटकघर, भिडियो घर, थियटर र मेला महोत्सव लगायतका मनोरञ्जन स्थल र क्रियाकलापमा **अनुसूची-३** बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन व्यवसाय सञ्चालक वा धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकामा विवरण सहित जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जम्मा भएको रकम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले विभाज्य कोषमा राखी उक्त विभाज्य कोष मध्येबाट साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) यस दफा बमोजिमको कर प्रशासन गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले गर्नेछ।

(५) उपदफा (१) बमोजिमको मनोरञ्जन कर सम्बन्धी अन्य व्यवस्था आर्थिक मामिला मन्त्रालयले जारी गरेको कार्यविधिमा निर्धारण भए बमोजिम हुनेछ।

५. **<u>विज्ञापन कर:</u>** (१) प्रदेशमा विज्ञापन सामग्री राखे वापत लाग्ने विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिकाले लगाउने र उठाउनेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले राखेका विज्ञापन सामग्रीमा विज्ञापन कर लाग्ने छैन।

(३) उपदफा (१) बमोजिम जम्मा भएको रकम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले विभाज्य कोषमा राखी उक्त विभाज्य कोष मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले आफ्नो सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) विज्ञापन कर असूल सम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाको कानून बमोजिम हुनेछ।

६. **कृषि आयमा कर:** (१) प्रदेशले आफ्नो क्षेत्र भित्रको कृषि आयमा **अनुसूची–४** बमोजिम कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रदेश सरकारले तोकेको कार्यालयले संकलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि अर्को व्यवस्था नभएसम्म स्थानीय तहले उपदफा (१) बमोजिम जम्मा भएको रकम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले विभाज्य कोषमा राखी उक्त विभाज्य कोष मध्येबाट चालिस प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले सम्बन्धित स्थानीय सञ्चित कोषमा राखी साठी प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको करको प्रशासन सम्बन्धी कार्यविधि आर्थिक मामिला मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

७. **पर्यटन शुल्क:** प्रदेश आफैले निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी अनुसूची–५ बमोजिम पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।

८. **प्राकृतिक स्रोत कर:** (१) संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा (१) बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तरको संकलनमा अनुसूची–६ बमोजिम कर लगाई असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले संकलन गर्ने वा गराउनेछ।

(३)उपदफा (२) बमोजिम जम्मा भएको रकम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले विभाज्य कोषमा राखी
उक्त विभाज्य कोष मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले संघीय र प्रदेश कानूनको अधीनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकालाई त्यस्तो क्षेत्रमा माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन आवश्यक शर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले त्यस्तो क्षेत्रमा माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन सक्नेछ।

(७) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि गाउँपालिका वा

नगरपालिका वा उपमहानगरपालिकाले माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ।

९. **सेवा शुल्क दस्तुरः** प्रदेशले संविधानको अनुसूची-६, ७ र ९ बमोजिमका क्षेत्र र बिषयमा आफूले प्रदान गरेको सेवा तथा सुविधा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

१०. **प्रदेश विभाज्य कोषको रकम बाँडफाँट सम्बन्धमाः** (१) प्रदेश विभाज्य कोष खातामा जम्मा भएको राजस्व रकम तोकिएको दरमा विभाजन गरी प्रदेशको हिस्सा प्रदेश सञ्चित कोषमा राखी स्थानीय तहको हिस्सा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको ढाँचा र आधार बमोजिम सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको राजस्व बाँडफाँट प्रदेश लेखा नियन्त्रक कार्यालय वा आर्थिक मामिला मन्त्रालयले तोकेको निकायले मासिक रुपमा गर्नेछ।

११. **दर घटाउन, बढाउन वा छुट दिन सक्नेः** (१) प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

१२ **सवारी साधन सम्बन्धी विशेष व्यवस्था**ः टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्साको दर्ता, नवीकरण र रुट इजाजत सम्बन्धमा प्रदेशले स्थानीय तहसंगको समन्वयमा प्रदेशको संरचना मार्फत दर्ता, नवीकरण र रुट इजाजत सम्बन्धी अन्तरिम व्यवस्था गर्न सक्नेछ।

१३. **ब्याज, शुल्क, दस्तुर र थप दस्तुर छुट सम्बन्धी विशेष व्यवस्थाः** सुदूरपश्चिम प्रदेशको कानून बमोजिम प्रदेश सरकारलाई बुझाउन बाँकी आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७७/७८ को कर सम्वत् २०७८ साल पौष मसान्तभित्र बुझाएमा सो वापत लाग्ने ब्याज, शुल्क, दस्तुर र थप दस्तुर छुट हुनेछ।

१४. **विवरण पेश गर्ने म्याद थप सम्बन्धी विशेष व्यवस्थाः** सुदूरपश्चिम प्रदेशको प्रचलित प्रदेश कानून बमोजिम बुझाउन बाँकी विवरण सम्वत् २०७८ साल असोज मसान्तसम्म बुझाउन सक्ने गरी म्याद थप गरिएको छ।

१५. **फर्म नविकरण सम्बन्धी विशेष व्यबस्था :** कोभिड-१९ को कारणले भएको बन्दाबन्दीको समयमा फर्म नविकरण गर्ने म्याद समाप्त भई नविकरण गर्न नपाएका तथा फर्म नविकरण गर्ने म्याद समाप्त भएका अन्य व्यवसायीहरुले नविकरण दस्तुर बुझाई २०७८ साल असोज मसान्तभित्र फर्म नविकरण गरेमा त्यसवापत लाग्ने सबै प्रकारका जरिवाना र थप दस्तुर मिनाहा हुनेछ ।

१६. **कृषि आयमा कर छुट सम्बन्धी विशेष ब्यवस्थाः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यमान विषम परिस्थितिलाई दृष्टिगत गरी ऐनको दफा ६ बमोजिम कृषि आयमा लाग्ने कर पूर्ण छुट गरिएको छ।

१७. **पर्यटन शुल्क छुट सम्बन्धी विशेष व्यवस्थाः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष २०७८/७९ मा ऐनको दफा ७ बमोजिमको पर्यटन शुल्क पूर्णरुपमा छुट दिइनेछ ।

१८. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** यस ऐनको कार्यान्वयनको क्रममा हड्ताल, दैवी प्रकोप, प्राकृतिक विपत्तिको कारणले उल्लेखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१९. **निर्देशिका बनाउन सक्नेः** यो ऐनको अधीनमा रही आर्थिक मामिला मन्त्रालयले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

# अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र दस्तुर

## क. घर जग्गा तथा अन्य रजिष्ट्रेशन दस्तुरः

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | राजिनामा, सट्टापट्टा र सगोल्नामाको लिखत | | | |
| (क) | राजिनामा, सट्टापट्टा, र सगोलनामाको लिखतको थैली अंकमा | ५% | ४.५% | २% |
| (ख) | सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | १% | ०.५% | ०.२५% |
| (ग) | सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ३% | २% | १% |
| २. | छोडपत्र र दर्ताफारी | | | |
| (क) | अ) छोडपत्र (तीन पुस्ता भित्र) | हालैको बकसपत्र सरह | | |
| | आ) छोडपत्र (तीन पुस्ता बाहिर) | राजिनामा सरह | | |
| (ख) | अ) दर्ताफारी (तीन पुस्ता भित्र) | हालैको बकसपत्र सरह | | |
| | आ) दर्ताफारी (तीनपुस्ता बाहिर) | राजिनामा सरह | | |
| स्पष्टीकरणः छोडपत्र अन्तरगत आफ्नो हकहिस्सा बराबरको थैली अंकमा र दर्ताफारी अन्तरगत संयुक्त दर्तावाला वीचको लिखतको कूल थैली अङ्कमा) | | | | |
| ३. | हालैदेखिको वकसपत्रको लिखतः<br>हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा | | | |
| (क) | बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाईबुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, भतिजा बुहारी, नाति, नातिनी, नातिनीबुहारी, काका, काकी, मामा, माइज्यू, भाञ्जा, भाञ्जी, ठूलो-बुवा, ठूली आमा (बाबु तर्फका), आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदै बीच। | | | |
| | (अ) रु. १ लाखसम्मको थैली अंकमा | १% | १% | ०.५% |
| | (आ) रु. १ लाखभन्दा माथि जतिसुकै थैली अंकमा | २.२५% | २.२५% | १.२५% |
| (ख) | अन्य वकसपत्र र दानपत्रको थैली अंकमा | १५% | १५% | १०% |
| | स्पष्टीकरणः<br>सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कार्यालय, स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन। | | | |
| ४. | अंशवण्डा तथा अंश भपाईको लिखत<br>अंशवण्डा तथा अंश भपाईको लिखतमा | | | |
| (क) | रु.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% |
| (ख) | रु.३० लाख भन्दा वढी रु. २ करोडसम्मको थैली अङ्कमा | ०.३% | ०.३% | ०.३% |
| (ग) | रु.२ करोड भन्दा वढी रु. १० करोडसम्मको थैली अङ्कमा | ०.४% | ०.४% | ०.४% |

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| (घ) | रु. १० करोड भन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% |
| ५. | <u>मानो छुट्टिएको र मानो जोडिएको लिखत</u> | | | |
| (क) | मानो छुट्टिएको प्रति लिखत | रु.११,०००।- | रु.१०,०००।- | रु.५,०००।- |
| (ख) | मानो जोडिएको प्रति लिखत | रु.१२,०००।- | रु.१०,०००।- | रु.५,०००।- |
| ६. | <u>शेषपछिको वकसपत्रको लिखत</u><br>शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत | | | |
| (क) | तीन पुस्ताभित्रको | रु.६,०००।- | रु.५,०००।- | रु.२,०००।- |
| (ख) | तीन पुस्ताबाहिरको | रु.१२,०००।- | रु.१०,०००।- | रु.४,०००।- |
| ७. | <u>बन्धकीको लिखत</u><br>दृष्टिबन्धकी, भोगबन्धकी, र लखबन्धकीको लिखतको थैली अंकमा | १.५% | १.५% | १.२५% |
| ८. | <u>अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत</u><br>प्रतिलिखत | रु.२,०००।- | रु.२,०००।- | रु.२,०००।- |
| ९. | <u>कपाली तमसुक र करारनामाको लिखत</u><br>दाखील खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% |
| | गुठी स्थापना लिखत वापत (गुठी दर्ता) | रु.६००।- | रु.५००।- | रु.४००।- |
| | घर बहाल लिखत वापत पहिलो महिनाको बहाल रकमको | ५% | ४% | ३% |
| | फलोपभोग (युजु फ्रुक्टी) | रु.१,०००।- | रु.७००।- | रु.५००।- |
| | शेष पछिको बकसपत्र संशोधन वा रद्द गर्दा | | | |
| | क. शर्त संशोधन | रु.१,५००।- | रु.१,०००।- | रु.५००।- |
| | ख. बकसपत्र रद्ध | रु.२,०००।- | रु.१,५००।- | रु.१,०००।- |
| | अन्य लिखत | | | |
| | क. रकम खुलेकोमा | ३% | २% | १% |
| | ख. रकम नखुलेकोमा | रु.७,०००।- | रु.५,०००।- | रु.३,०००।- |

**ख. <u>सेवा शुल्क</u>**

| सी.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | <u>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क</u><br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुरः | | | |
| (क) | तराई क्षेत्रमा | रु.२०,०००।- | रु.१५,०००।- | रु.७,०००।- |
| (ख) | अन्य क्षेत्रमा | रु.१५,०००।- | रु.१०,०००।- | रु.६,०००।- |
| २. | <u>वित्तीय धितो</u><br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्था एवं अन्य संस्थाहरुले दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |

| सी.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| (क) | रु. १,००,०००।- सम्मको लिखतको थैली अङ्कमा | रु.१,०००।- | रु.१,०००।- | रु.१,०००।- |
| (ख) | रु. १,००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्मको थैली अङ्कमा | रु.१,५००।- | रु.१,५००।- | रु.१,५००।- |
| (ग) | रु. ५,००,०००।- भन्दा बढी रु.१०,००,०००।- सम्मको थैली अङ्कमा | रु.२,०००।- | रु.२,०००।- | रु.२,०००।- |
| (घ) | रु.१०,००,०००।- भन्दा बढी रु.२०,००,०००।- सम्मको थैली अङ्कमा | रु.२,५००।- | रु.२,५००।- | रु.२,५००।- |
| (ङ) | रु.२०,००,०००।- भन्दा बढी रु.५०,००,०००।- सम्मको थैली अङ्कमा | रु.५,०००।- | रु.४,५००।- | रु.४,०००।- |
| (च) | रु. ५०,००,०००।- भन्दा बढी रु. १,००,००,०००।- सम्मको थैली अङ्कमा | रु.२५,०००।- | रु.२२,०००।- | रु.२०,०००।- |
| (छ) | रु १,००,००,०००।- भन्दा बढी रु.२,००,००,०००।- सम्मको थैली अङ्कमा | रु.३०,०००।- | रु.२८,०००।- | रु.२५,०००।- |
| (ज) | रु २,००,००,०००।- भन्दा बढी रु.५,००,००,०००।- सम्मको थैलीमा अङ्कमा | रु.४०,०००।- | रु.३८,०००।- | रु.२५,०००।- |
| (झ) | रु ५,००,००,०००।- भन्दा बढी रु.२०,००,००,०००।- सम्मको थैलीमा अङ्कमा | रु.५०,०००।- | रु.४५,०००।- | रु. ४०,०००।- |
| (ञ) | रु.२०,००,००,०००।- भन्दा बढी जतिसुकै थैली अङ्कमा | रु.१,००,०००।- | रु.९०,०००।- | रु.८०,०००।- |
| ३. | **<u>लीज</u>**<br>सरकारी जग्गा लिजमा उपलव्ध गराउनेः<br>सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची- १ अनुसारको दस्तुर लाग्नेछ । | | | |
| ४. | **<u>जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा</u>** | | | |
| (क) | तराई क्षेत्र | रु.७००।- | रु.५००।- | रु.२००।- |
| (ख) | अन्य क्षेत्र | रु.५००।- | रु.३००।- | रु.१००।- |
| | *नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागु हुनेछ।* | | | |
| ५. | **<u>दाखिल खारेज शुल्क</u>** | | | |
| (क) | करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४.५% | २% |
| (ख) | अन्य मिलापत्र (अंश र अपुताली | २.७५% | २.२५% | १% |

| सी.नं. | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|---|
| | | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| | बाहेक) को दाखिल खारिज गर्दा | | | | |
| (ग) | बैंक वित्तिय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | | २% | १.७५% | १% |
| (घ) | बैंक वित्तीय संघ वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल | | रु.७,०००।- | रु.६,०००।- | रु.४,०००।- |
| (ङ) | बैंक, वित्तीय संस्था वां सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | | २% | २% | १% |
| | (१) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँड भई दा.खा. हुन आँउदा प्रति मिसिल | | रु.४००।- | रु.३००।- | रु.२००।- |
| | (२) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम वढावढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | | रु.३,०००।- | रु.१,०००।- | रु.५००।- |
| (च) | <u>शेषपछिको वकसपत्रको दाखिल खारेज</u> | | | | |
| | (अ) तीनपुस्ता भित्रको भए | | सबै क्षेत्रका लागि हालैको बकसपत्र सरह | | |
| | (आ) तीनपुस्ता बाहिरको भए | | सबै क्षेत्रका लागि राजीनामा सरह | | |
| ६. | नामसारी | (क) तीन पुस्ता भित्रको नामसारी गर्दा | रु.१,२००।- | रु.१,०००।- | रु.५००।- |
| | | (ख)तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु.३,५००।- | रु.३,५००।- | रु.२,०००।- |
| ७. | हाल साविक | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.४००।- | रु.३००।- | रु.१००।- |

| सी.नं. | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|---|
| | | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| ८. | घर कायम | श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२,५००।- | रु.२,५००।- | रु.१,०००।- |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु.३००।- | रु.२००।- | रु.१००।- |
| १०. | रोक्का दस्तुर | क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | | ख) लिखत रजिष्ट्रेशन नहुनेमा (अ) रु.१,००,०००। सम्मको ऋण अङ्कमा | रु.४००।- | रु.३००।- | रु.२००।- |
| | | (आ) रु.१,००,०००। भन्दा बढी रु.५,००,०००। सम्म | रु.७००।- | रु.५००।- | रु.३००।- |
| | | (इ) रु. ५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा | रु.८००।- | रु.७००।- | रु.५००।- |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | रु.४,०००।- | रु.३.०००।- | रु.२,०००।- |

**ग. विविधः**

| | |
|---|---|
| १. | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ। |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ३. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ४. | सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ५. | (क) कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा सर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ। तर सेवा शुल्क रु. १०००।– लाग्नेछ। |

| | |
|---|---|
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ। तर सेवा शुल्क रु. ५००।– लाग्नेछ। |
| ६. | (क) सहकारी ऐन, २०४८ वमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु विच ऋण लगानी-प्रवाह गर्दा तीस लाख रुपैयाँसम्मको थैली अंकमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ। सो भन्दा माथिको थैली अंकमा खण्ड ख. सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्ने छ। |
| | (ख) बैंकिङ्ग तथा वित्तिय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर लाग्ने छैन। |
| ७. | जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता–पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एंव पिछडिएका जाती भनी स्थानीय निकायबाट प्रमाणित भएको सिफारिस वा अधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| ९. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरि पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ। हिमाली जिल्लाहरु बझाङ, बाजुरा र दार्चुलाका गाउँपालिकाका हकमा भने ५०% छुट हुनेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.१००।– मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ। |
| | (ग) १०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको लिखतमा ५०% छुट दिइनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| १०. | भूमिहिन मुक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रूपमा छुट हुनेछ। |
| ११. | बैक, वित्तिय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि तोकिएको कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तिय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ। |
| १२. | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउमा निशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ। |
| १३. | मालपोत र नापी कार्यालयको श्रेस्ता सुधार, फर्निचर, मर्मत सम्भार, निर्माण एवं अन्य लजिष्टिक सपोर्टको लागि प्रदेश सरकारले उपयुक्त ठहर्याएको रकम सम्बन्धित मालपोत कार्यालयलाई प्रदान गर्न सक्नेछ। |
| १४. | यो ऐन लागू हुँदाका वखत नेपाल सरकारवाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन दस्तुर र सेवा शुल्क लाग्नेछ। |
| १५. | सहकारी ऐनको दफा ५ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन दस्तुर छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक विक्रि गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन दस्तुर असूल उपर गरिनेछ। |

| | |
|---|---|
| १६. | विविधको क्रमसंख्या ७, ८, ९ र १० बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ। |
| १७. | एउटै कारोवारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरिद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १८. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन दस्तुर छुट दिईनेछ । |
| १९. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा यसै अनुसूचीको खण्ड (क) को क्रमसंख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| २०. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| २१. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको वा कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| २२. | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सवाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ।तर एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागू हुने छैन । |
| २३. | वेइलाका वा वेजिल्लाबाट परित लिखतको राजस्व दस्तुरको हकमा राजिनामा, सट्टापट्टा, सगोलनामा, छोडपत्र, दर्ताफारी, हालैको बकसपत्र, मानो जोडिएको छुट्टिएको, शेष पछिको वकसपत्र, अष्टलोह, लिखत बन्धकी, तमसुक, करारनामा लिखत वेइलाका वा वेजिल्लाबाट पारित गर्दा सम्बन्धित अनुसूचीमा तोकिए बमोजिमको दस्तुर जग्गा भएकै क्षेत्राधिकारको मालपोत कार्यालयको खातामा जम्मा भएको भौचर पेश गर्नुपर्ने साथै सम्वन्धित प्रदेश भित्रको भएमा ३% पारित हुने मालपोत कार्यालयमा जम्मा गर्नुपर्ने र सम्बन्धित प्रदेश बाहिरको भएमा ५% पारित गर्ने मालपोत कार्यालयको खातामा जम्मा गर्नुपर्ने । अंशबण्डा तथा अंश भर्पाईको लिखतका हकमा अनुसूचीमा तोकिए बमोजिमको दस्तुर जग्गा भएकै क्षेत्राधिकारको मालपोत कार्यालयको खातामा जम्मा भएको भौचर पेश गरेमा वेइलाका वा बेजिल्लाबाट लिखत पारित हुने तर थप दस्तुर नलाग्ने । |
| २४. | एक पटक कारोवार भएको थैली अंक भन्दा कम मूल्यांकन कायम गरी लिखत पारित गर्न पाइने छैन । |

अनुसूची-२
(दफा ३ संग सम्बन्धित)
<u>सवारी साधन कर, दस्तुर/शुल्क</u>

<u>(क) सवारी साधन कर</u>

| | |
|---|---|
| **१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर** |
| (अ) १००० सी.सी सम्म | रु. १९,०००।- |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु. २१,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २३,०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३२,०००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३७,०००।- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ५३,०००।- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३५,०००।- |
| (आ) मिनीटिपर | रु. २५,०००।- |
| **(ग) ट्रेक्टर र पावर टिलर** | |
| (अ) ट्रेक्टर | रु.४,०००।- |
| (आ) पावर टिलर | रु.१०००।– |
| **(घ) मिनिट्रक/मिनिबस** | रु.२०,०००।– |
| **(ङ) ट्रक/बस** | रु.३०,०००।– |
| **(च) मोटर साइकल** | |
| (अ) १२५ सी.सी. सम्म | रु. २,५००।– |
| (आ) १२६ देखि १५० सम्मका | रु. ४,५००।– |
| (इ) १५१ देखि २५० सम्मका | रु. ५,५००।– |
| (ई) २५१ देखि ४०० सी.सी. सम्म | रु. ८,०००।– |
| (उ) ४०१ सी.सी. र सो देखि माथि | रु. ९,०००।– |
| | |
| **२.सार्वजनिक सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर** |
| (अ) १३०० सी.सी.सम्म | रु.८,०००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.१०,०००।- |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु.११,०००।- |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.१३,०००।- |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु.१५,०००।- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण** | रु.१५,०००।- |
| **(ग) ट्रेक्टर** | रु.१,५००।– |
| **(घ) पावर टिलर** | रु.१,०००।- |
| **(ङ) मिनीट्रक, मिनीबस** | रु.१०,०००।- |
| **(च) मिनी ट्रिपर** | रु.१२,०००।- |
| **(छ) ट्रक, बस** | रु.१६,०००।– |

(ख) सवारी साधन दस्तुर/शुल्क

१) सवारी साधन दर्तामा लाग्ने दस्तुर

| सवारीको किसिम | | | दस्तुर(रुपैयाँमा) |
|---|---|---|---|
| सार्वजनिक | ठुला सवारी | | २५००।- |
| | मझौला सवारी | | १५००।- |
| | साना सवारी | क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | १४००।- |
| | | ख) मोटरसाइकल, स्कुटर | ५००।- |
| निजी | ठुला सवारी | | १५००।- |
| | मझौला सवारी | | १०००।- |
| | साना सवारी | क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | ८००।- |
| | | ख) मोटरसाइकल, स्कुटर | ५००।- |

स्पष्टिकरणः पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

२) दर्ता परिवर्तन दस्तुर (अन्यत्र प्रदेशमा सरुवा सहमती भई गएको)

| सवारीको किसिम | | | दस्तुर(रुपैयाँमा) |
|---|---|---|---|
| सार्वजनिक | ठुला सवारी | | २०००।- |
| | मझौला सवारी | | १५००।- |
| | साना सवारी | क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | १०००।- |
| | | ख) मोटरसाइकल, स्कुटर | ५००।- |
| निजी | ठुला सवारी | | २०००।- |
| | मझौला सवारी | | १५००।- |
| | साना सवारी | क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | १०००।- |
| | | ख) मोटरसाइकल, स्कुटर | ५००।- |

स्पष्टिकरणः पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

३) सवारी दर्ता प्रमाण पत्र (ब्लु बुक) नविकरण दस्तुर

| सवारीको किसिम | | | दस्तुर(रुपैयाँमा) |
|---|---|---|---|
| सार्वजनिक | ठुला सवारी | | ८००।- |
| | मझौला सवारी | | ५००।- |
| | साना सवारी | क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | ४००।- |
| | | ख) मोटरसाइकल, स्कुटर | २००।- |
| निजी | ठुला सवारी | | ८००।- |
| | मझौला सवारी | | ५००।- |
| | साना सवारी | क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | ४००।- |
| | | ख) मोटरसाइकल, स्कुटर | २००।- |

स्पष्टिकरणः पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

४) सवारी साधन नामसारी दस्तुर

| सवारीको किसिम | | | दस्तुर(रुपैयाँमा) |
|---|---|---|---|
| सार्वजनिक | ठुला सवारी | | १५००।- |
| | मझौला सवारी | | १०००।- |
| | साना सवारी | क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | ८००।- |
| | | ख) मोटरसाइकल, स्कुटर | ३००।- |
| निजी | ठुला सवारी | | १०००।- |
| | मझौला सवारी | | ७००।- |
| | साना सवारी | क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | ६००।- |
| | | ख) मोटरसाइकल, स्कुटर | ३००।- |

स्पष्टिकरणः पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

५) बाटो इजाजत पत्र दस्तुर नविकरण समेत (सार्वजनिक)

| क.स. | दुरी (कि.मि.) | ठुला र मझौला बस, मिनि बस (रु) | ठुला र मझौला ट्रक, मिनी ट्रक(रु) |
|---|---|---|---|
| १ | १ देखि ५० कि.मी. सम्म | ५००।- | ६००।- |
| २ | ५१ देखि १०० कि.मी. सम्म | ६००।- | ७००।- |
| ३ | १०१ देखि १५० कि.मी. सम्म | ८००।- | ९००।- |
| ४ | १५१ देखि २०० कि.मी. सम्म | ९००।- | ११००।- |
| ५ | २०१ देखि २५० कि.मी. सम्म | १०००।- | १२००।- |
| ६ | २५१ देखि ३०० कि.मी. सम्म | १२००।- | १३००।- |
| ७ | ३०१ देखि ३५० कि.मी. सम्म | १३००।- | १५००।- |
| ८ | ३५१ देखि ४०० कि.मी. सम्म | १४००।- | १६००।- |
| ९ | ४०१ देखि ४५० कि.मी. सम्म | १५००।- | १७००।- |
| १० | ४५१ देखि ५०० कि.मी. सम्म | १७००।- | १९००।- |
| ११ | ५०१ देखि ५५० कि.मी. सम्म | २१००।- | २०००।- |
| १२ | ५५१ देखि ६०० कि.मी. सम्म | २२००।- | २१००।- |
| १३ | ६०१ देखि ६५० कि.मी. सम्म | २३००।- | २३००।- |
| १४ | ६५१ देखि ७०० कि.मी. सम्म | २५००।- | २४००।- |
| १५ | ७०१ कि.मी. भन्दा माथि | २८००।- | २६००।- |

| ५ सिट भन्दा बढी १४ सिट सम्म क्षमता भएका सार्वजनिक सवारीको लागि बाटो इजाजत दस्तुर | | |
|---|---|---|
| क.स. | दुरी (कि.मि.) | दस्तुर रु. |
| १ | १ देखि ५० कि.मी. सम्म | ४००।- |
| २ | ५१ देखि १०० कि.मी. सम्म | ५००।- |
| ३ | १०१ देखि १५० कि.मी. सम्म | ६००।- |
| ४ | १५१ देखि २५० कि.मी. सम्म | ७००।- |
| ५ | २५१ देखि ३०० कि.मी. सम्म | ८००।- |

६) जाँचपास दस्तुर र प्रतिलिपी समेत

| क.स. | सवारीको किसिम | दस्तुर(रुपैयाँमा) |
|---|---|---|
| १ | ठुला सवारी | ४००।- |
| २ | मझौला सवारी | ३००।- |
| ३ | साना सवारी | २००।- |

स्पष्टिकरणः पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

७) प्रदुषण जाँच दस्तुर/नविकरण/प्रतिलिपि समेत

| सवारीको किसिम | | दस्तुर(रुपैयाँमा) |
|---|---|---|
| सार्वजनिक | ठुला तथा मझौला सवारी | ३००।- |
| | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर, मोटरसाइकल) | २००।- |
| निजी | ठुला तथा मझौला सवारी | ५००।- |
| | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर, मोटरसाइकल) | २००।- |

स्पष्टिकरणः निजी सवारी साधनको हकमा एक वर्ष र सार्वजनिक सवारी साधनको हकमा छ महिना बहाल अवधि रहनेछ ।

८) यातायात सेवाको नाम पञ्जिकृत दस्तुर (कम्पनी/फर्म ढुवानी र यात्रु सेवा)

| क.स. | पुँजी | दस्तुर(रुपैयाँमा) |
|---|---|---|
| १ | रु. पन्ध्र लाख भन्दा कमको लागि | १०००।- |
| २ | रु. पन्ध्र लाख भन्दा बढी पचास लाख सम्म | २५००।- |
| ३ | रु. पचास लाख भन्दा बढी जतिसुकै भएपनि | ४०००।- |
| सेवा पञ्जिकृत भएका कम्पनी/फर्ममा समावेश हुने सवारी साधनलाई प्रति सवारी ठुला सवारी भए रु.१५००।-, मझौला सवारी रु.१०००।- र साना सवारी रु.५००।- दस्तुर लाग्नेछ । | | |

९) यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नविकरण दस्तुर

| क्र.स. | पुँजी | दस्तुर(रुपैयाँमा) |
| --- | --- | --- |
| १ | रु पन्ध्र लाख भन्दा कमको लागि | १०००।- |
| २ | रु. पन्ध्र लाख भन्दा बढी  रु. पचास लाख भन्दा कम | ३०००।- |
| ३ | रु. पचास लाख भन्दा बढी जतिसुकै भएपनि | ५०००।- |
| थप हुने सवारीका हकमा प्रति सवारी ठुला सवारी भए रु.१५००।-, मझौला सवारी रु.१०००।- र साना सवारी रु.५००।-  दस्तुर लाग्नेछ । | | |

१०) प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप सञ्चालन अनुमति/नविकरण दस्तुर

| क्र.स. | पुँजी | अनुमति दस्तुर (रुपैयाँमा) | नविकरण दस्तुर (रुपैयाँमा) |
| --- | --- | --- | --- |
| १ | रु. दुई लाख भन्दा कमको लागि | १०००।- | ५००।- |
| २ | रु. दुई लाख भन्दा बढी पाँच लाख सम्मको लागि | १५००।- | ७५०।- |
| ३ | रु. पाँच लाख भन्दा बढी दश लाख सम्मको लागि | २५००।- | १२५०।- |
| ४ | रु. दश लाख भन्दा माथी जतिसुकै भए पनि | ५०००।- | २५००।- |

११) सवारी साधन बिक्री शोरुम र रिकण्डिसन हाउस सञ्चालन अनुमति पत्र दस्तुर र नविकरण दस्तुर

| क्र.स. | पुँजी | अनुमति दस्तुर (रुपैयाँमा) | नविकरण दस्तुर (रुपैयाँमा) |
| --- | --- | --- | --- |
| १ | रु.तीन करोडसम्म साना उद्योग | ७०००।- | ३५००।- |
| २ | रु.तीन करोडदेखि दश करोडसम्म मझौला उद्योय | १००००।- | ५०००।- |
| ३ | रु. दश करोड भन्दा माथि ठुला उद्योग | ३००००।- | १५०००।- |

१२) विदेशमा दर्ता भएका सवारी साधनलाई यस प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो (रुट) इजाजत दस्तुर

| क्र.स. | सवारीको किसिम | प्रतिदिन लाग्ने  दस्तुर (रुपैयाँमा) |
| --- | --- | --- |
| १ | ठुला सवारी | ५००।- |
| २ | मझौला सवारी | ३००।- |
| ३ | साना सवारी | २००।- |

ग) विविध

| | |
| --- | --- |
| १. | तपसीलमा उल्लेख भएका सवारी साधनहरूलाई सार्वजनिक सवारी साधनमा लाग्ने सरह कर लाग्ने छः-<br>(क) नेपाल सरकार, प्रदेश सरकारको नाउँमा दर्ता भएका,<br>(ख) गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको नाउँमा दर्ता भएका |
| २. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। |
| ३. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ४. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश सरकारले ठहर्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन। |
| ५. | उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको अधिकतम कर रकमभन्दा बढी हुने छैन। |
| ६. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |
| ७. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन्। यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा पन्ध्र प्रतिशत छुट हुनेछ। |
| ८. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ९. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |

| | |
|---|---|
| १०. | सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| ११. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन। |
| १२. | प्रदेशमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई प्रदेशमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ।<br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन। |
| १३. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले संचालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिईनेछ। |
| १४. | ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिईनेछ। |
| १५. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा जफत गरेको मितिदेखि लिलाम प्रकृया समाप्त भएको अवधिसम्मको कर लाग्ने छैन। |

अनुसूची-३
(दफा ४ संग सम्बन्धित)

**मनोरञ्जन कर**

| सि.नं. | विवरण | मनोरञ्जन करको दर |
|---|---|---|
| १ | चलचित्र प्रदर्शन गर्दा प्रति टिकट | ३% |
| २. | कन्सर्ट, नाटकघर, भिडियो घर, थियटर, स्वीमिङ पुल, पार्क, फनपार्कमा प्रति टिकट | ३% |
| ३. | दोहोरी, डान्स बार, जुम्बा (बार्षिक) | रु.५०००।- |
| ४. | मेला महोत्सव, सांस्कृतिक प्रदर्शन, खेलकुद प्रतियोगितामा प्रति टिकट | ३% |
| ५. | डिजिटल तथा एनालग टेलिभिजनको जडानमा प्रति ग्राहक | रु ५०।- |

अनुसूची-४

**(दफा ६ सँग सम्बन्धित)**

**<u>कृषि आयमा कर</u>**

| १. कृषि क्षेत्रबाट प्राप्त आयमा लाग्ने कर | | |
|---|---|---|
| | **बार्षिक आयको वर्गिकरण** | **करको दर** |
| (क) | कूल आय रु. १०,००,००० सम्म | कर नलाग्ने |
| (ख) | कूल आय रु. १०,००,००१ देखि २०,००,००० सम्म | रु ५,०००।- |
| (ग) | कूल आय रु. २०,००,००१ देखि ४०,००,००० सम्म | रु १०,०००।- |
| (घ) | कूल आय रु. ४०,००,००१ देखि १,००,००,००० सम्म | रु २५,०००।- |
| (ङ) | कूल आय रु. १,००,००,००१ देखि ५,००,००,००० सम्म | कूल आयको १% |
| (च) | कूल आय रु. ५,००,००,००० भन्दा माथि | कूल आयको २% |

| २. बाँझो रहेको खेती योग्य जमिनमा लाग्ने कर (अब्बल र दोयम जग्गामा मात्र) | | |
|---|---|---|
| **सि नं** | **बाँझो जमिनको क्षेत्रफल** | **बार्षिक करको दर** |
| (क) | तराई क्षेत्रमा | |
| | अ) १० कठ्ठादेखि १ बिगाहा सम्म | रु १,०००।- |
| | आ) १ बिगाहादेखि २ बिगाहा सम्म | रु २,०००।- |
| | इ) २ बिगाहादेखि ५ बिगाहा सम्म | रु १०,०००।- |
| | ई) ५ बिगाहाभन्दा माथि | रु २५,०००।- |
| (ख) | अन्य क्षेत्रमा | |
| | अ) १० रोपनीदेखि २० रोपनीसम्म | रु ५,००।- |
| | आ) २० रोपनीदेखि ३० रोपनीसम्म | रु १,०००।- |
| | इ) ३० रोपनीभन्दा माथि | रु २,०००।- |

**अनुसूची-५**

(दफा ७ सँग सम्बन्धित)

**पर्यटन शुल्क**

१. विभिन्न पर्यटकिय स्थलहरुको प्रवेश शुल्कमा प्रतिटिकट दश प्रतिशतका दरले पर्यटन शुल्क असुल उपर गरिनेछ।

**अनुसूची-६**

(दफा ८ सँग सम्बन्धित)

**प्राकृतिक स्रोत कर**

| सि.नं. | विवरण | इकाई | न्यूनतम दर |
|---|---|---|---|
| १. | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घनफिट | रु. ३।- |
| २. | माटो (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घनफिट | रु. २.५।- |
| ३. | काठ दाउरा (दहत्तर बहत्तर) | प्रति किलो | २।- |

प्रदेश सभाको सम्बत् २०७८ साल असार १४ गते सोमबारका दिन बसेको आठौं अधिवेशनको १९औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

............................

माननीय अर्जुन बहादुर थापा

सभामुख

सुदूरपश्चिम प्रदेश

मिति २०७८।०३।२५

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

मिति :-

............................

माननीय गंगाप्रसाद यादव

प्रदेश प्रमुख